# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

## मितिः ३० अगस्त २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी २५ औं सांघाई सहयोग संगठन शिखर सम्मेलनमा भाग लिन आज चीनको तियानजिन पुग्नु भएको छ।
- पश्चिम बंगाल स्कूल सर्भिस आयोगले सात वर्षपछि 8477 अशिक्षण कर्मचारी पदमा भर्ती प्रक्रिया सुरू गरेको छ|
- सिक्किम र बंगाललाई जोड़ने राष्ट्रिय राजमार्ग १० मा कालीझोड़ा नजिक गएको ठूलो पहिरोको कारण सडक पूर्णरूपमा अवरुद्ध भएको छ।
- इन्द्रबहादुर राई साहित्य प्रतिष्ठान तराईले पानीघट्टामा साहित्य शिखर इन्द्रबहादुर राईको सालिग स्थापना गर्नको निम्ति प्रारम्भिक कार्य शुरु गरेको छ।
- राज्यमा मनसुनको प्रभाव यथावत छ। आगामी केही दिन सम्म राज्यका सम्पूर्ण क्षेत्रहरुमा वर्षाको प्रभाव देखिनेछ|

**प्रधानमन्त्री-चीन**

प्रधानमन्त्री नरेन्द्र मोदी २५ औं सांघाई सहयोग संगठन शिखर सम्मेलनमा भाग लिन आज चीनको तियानजिन पुग्नु भएको छ। दुई दिने शिखर सम्मेलन भोलिदेखि सुरु हुनेछ। शिखर सम्मेलनको क्रममा श्री मोदीले विश्वका नेताहरूसँग भेटघाट गर्नु हुनेछ र क्षेत्रीय सुरक्षा, कनेक्टिभिटी, दिगो विकास र विश्वव्यापी सहयोगका मुद्दाहरूमा चर्चा गर्नु हुनेछ। शिखर सम्मेलनमा, विगत २५ वर्षमा संगठनले हासिल गरेका उपलब्धिहरूको बारेमा छलफल गरिनेछ र आगामी १० वर्षको लागि कार्य योजना अपनाइनेछ। चीनमा सांघाई सहयोग संगठन आयोजना भएको यो पाँचौं पल्ट हो। चिनका राष्ट्रपति श्री सी जिनपिङले शिखर सम्मेलनको अध्यक्षता गर्नु हुनेछ। २० भन्दा अधिक राष्ट्र प्रमुख र १० अन्तर्राष्ट्रिय संस्थाहरू शिखर सम्मेलनमा भाग लिने अपेक्षा गरिएको छ। रूसका राष्ट्रपति भ्लादिमिर पुटिन शिखर सम्मेलनमा भाग लिने प्रमुख नेताहरूमध्ये एक हुन्।

**स्कूल सर्भिस आयोग**

पश्चिम बंगाल स्कूल सर्भिस आयोग (डब्ल्यूबीएसएससी)-ले सात वर्षपछि अशिक्षण कर्मचारीहरूको ठूलो मात्रामा भर्ती प्रक्रिया सुरू गर्ने घोषणा गरेको छ। आयोगले 8477 पदमा नियुक्ति गर्ने जनाएको छ, जसमा 2989 पद ग्रुप 'सी' अन्तर्गत लाइब्रेरियन र क्लर्कका लागि तथा 5488 पद ग्रुप 'डी'का लागि राखिएको छ। भर्ती प्रक्रिया सरकारी तथा सरकारी प्रायोजित उच्च विद्यालय र उच्चतर माध्यमिक विद्यालयमा कर्मचारीको अभाव पूरा गर्नका लागि गरिएको हो। विस्तृत अधिसूचना 31 अगस्त, 2025 मा प्रकाशित हुनेछ। आवेदन 16 सेप्टेम्बरदेखि 31 अक्टोबरसम्म अनलाइनमार्फत गर्न सकिनेछ। लाइब्रेरियन पदका लागि स्नातक डिग्री, क्लर्कका लागि माध्यमिक उत्तीर्ण, र ग्रुप 'डी' पदका लागि कक्षा आठ उत्तीर्ण आवश्यक हुनेछ। सबै श्रेणीका लागि अधिकतम उमेर 40 वर्ष तोकिएको छ। ग्रुप 'सी' परीक्षामा 60 प्रश्न रहनेछन् जसमा सामान्य ज्ञान, सामयिकी, अंग्रेज़ी र अंकगणित सामेल हुनेछ। ग्रुप 'डी' परीक्षामा 45 प्रश्न रहनेछन् जसमा सामान्य ज्ञान, सामयिकी र अंकगणित मात्र हुनेछन्। दुवै परीक्षाको अवधि एक घण्टा हुनेछ। सफल उम्मेद्वारलाई ग्रुप 'सी' पदमा 22,700 देखि 26,000 रुपैयाँ र ग्रुप 'डी' पदमा 20,050 रुपैयाँ मासिक वेतन दिइनेछ। यो भर्ती प्रक्रिया लामो समयपछि भएकाले अभ्यर्थीहरू उत्साहित भएका छन्।

**अनलाइन बेटिङ एप्स**

प्रवर्तन निदेशलय (ईडी) ले बंगाली अभिनेता अंकुश हाजरा लाई अवैध अनलाइन बेटिङ एप्सको प्रचारमा संलग्न भएको आरोपमा समन गरेको छ। श्री हाजरालाई 16 सेप्टेम्बरमा साल्ट लेकस्थित ईडी कार्यालयमा उपस्थित हुन भनिएको छ। ईडी अनुसार बेटिङ कम्पनीहरूले चलचित्रका अभिनेता अनि खेलाडीहरूको सामाजिक सञ्जाल प्रयोग गरी एप र वेबसाइटको प्रचार गरेका छन्। यसरी गरिएको प्रचारबाट धेरै मानिस प्रभावित भएका छन् र कलाकारहरूले यसबापत ठूलो रकम पाएको आशंका छ। पैसाको लेनदेन हवाला मार्फत गरिएको हुनसक्ने बताइएको छ। अंकुश हाजरा यो मामिलामा ईडीको छानबिनमा पर्ने पहिलो बंगाली अभिनेता हुन्। हालसम्म उहाँले कुनै प्रतिक्रिया दिनु भएको छैन।

**राष्ट्रिय राजमार्ग १० अवरुद्ध**

सिक्किम र बंगाललाई जोड्ने राष्ट्रिय राजमार्ग १० मा कालीझोड़ा नजिक गएको ठूलो पहिरोको कारण सडक पूर्णरूपमा अवरुद्ध भएको छ। ठूलो ढुंगा अनि माटो खसेर सडक छेकिएपछि साना सवारी साधनहरूलाई हाल लावा–गोरूबथानलाई यातायातको लागि वैकल्पिक मार्ग बनाइएको जिल्ला प्रशासनले जानकारी दिएको छ। यद्यपि भारी सवारी साधन (ट्रक, बस आदि) को आवागमन भने सम्भव नभएकाले त्यस्ता सवारी चालक तथा यातायात व्यवसायीहरुलाई आफ्नो यात्रा स्थगित गर्न अनुरोध गरिएको छ। सडक विभागका अनुसार राजमार्ग सफा गरी सञ्चालनमा ल्याउन अझै केही समय लाग्ने अनुमान गरिएको छ। यात्री अनि चालकहरूलाई अनावश्यक जोखिम नलिन र वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ।

**काठमाडौं - महागौरा पर्व**

आज नेपालमा महागौरा पर्वको तेस्रो दिन हो। यो चार दिने पर्व भोलि समापन हुँदैछ। महागौरा पर्वको अवसरमा काठमाडौं उपत्यकाको टुँडिखेलमा मेला आयोजना गरिन्छ। गौरा पर्व नेपालको सुदूर पश्चिम, उत्तराखण्डको कुमाउँ क्षेत्र र कर्णाली प्रान्तमा मनाइने प्रमुख हिन्दू पर्व हो, जुन देवी गौरा र भगवान शिवको मिलनको प्रतीक हो। यसमा महिलाहरूले पाँच प्रकारका बीउहरू - गहुँ, चना, मटर, कालो चना र लालीगुराँस भिजाएर गौराको मूर्ति बनाउँछन्। पर्वको समयमा 'देउडा' र 'धामारी' जस्ता परम्परागत लोकगीत र नृत्यहरू आयोजना गरिन्छ।

**किसान सभा**

अखिल भारतीय किसान सभाको २ दिवसीय जिल्ला सम्मेललन भोलिदेखि आरम्भ हुने केबी वातरले जानकारी गराउनु भएको छ। सिलगढी विधान नगर परिसरमा जनसभा र झण्डा उत्तोलन गरेर सुरु हुने २८औं जिल्ला सम्मेलनलाई सर्वभारतीय किसान नेता तथा राज्य समिति सचिव अमल हल्दारको साथमा अन्य गणतान्त्रिक आन्दोलनका नेतृत्वहरुले सम्बोधन गर्ने जानकारी प्राप्त भएको छ।

**इन्द्रबहादुर राई सालिग**

इन्द्रबहादुर राई साहित्य प्रतिष्ठान तराईले तराईको पानीघट्टामा साहित्य शिखर इन्द्रबहादुर राईको सालिग स्थापना गर्नको निम्ति प्रारम्भिक कार्य शुरु गरेको छ। प्रतिष्ठानका अध्यक्ष डा.जेम्स बिश्वको अध्यक्षतामा सम्पन्न भएको सभाले पानीघट्टामा इबराको सालिग स्थापना गर्ने निर्णय गर्दै यसको निम्ति सालिग स्थापना समिति गठन गरेको छ जसमा संयोजक सुभास दाहाल ,अध्यक्ष डालिम दुतराज लगायत इबरा साहित्य प्रतिष्ठानका अन्य पदाधिकारीहरु सल्लाहकार समितिमा रहेका छन्। नवगठित समितिले यस पहललाई अघि बढाउँदै बिभिन्न ठाउँहरुका संघ संस्थाहरु सँग सभा गर्दै यस बिषयमा बिचार विमर्श गर्ने निर्णय गरेको संयोजक सुभास दाहालले जानकारी गराउनु भएको छ।

**सफाई अभियान**

मिरिक स्मल फूट कार्ट एशोसिएशनले आफ्नो साप्ताहिक सफाई अभियानलाई निरन्तरता दिदै आज मिरिक पर्यटन केन्द्रमा सफाई गर्यो। सफाई अभियानमा मिरिक पर्यटन केन्द्रमा थुप्रिएका फोहोर अनि प्लास्टिकलाई संग्रह गरेर सुरक्षीत स्थानमा तह लगाँउने कार्य गरियो। यस अवसरमा बोल्नु हुँदै एशोसिएशनका अध्यक्ष एटी राईले एशोसिएशनले विगत तीनबर्षदेखि मिरिक

पर्यटन केन्द्रमा सफाई चलाई रहेको जानकारी गराँउदै यो कार्यलाई एशोसिएशनले आज पर्यान्त कायम राखेको बताउनु भयो। उहाँले एशोसिएशनले गरेको कार्यमा मिरिकका विभिन्न संघ संस्थाहरूले पनि सहयोग गरिरहेको जानकारी गराँउदै मिरिकलाई सुन्दर र ब्यावस्थित राख्न एशोसिएशनले सफाई अभियान गरिरहेको बताउनु भयो।

**गोर्खा राइफल्स स्थपना दिवस**

1/11 गोर्खा राइफ्ल्स भेटरेसन्स एशोसिएशन दार्जिलिङ अनि कालेबुङको बार्षिक सभा साथै 66 औं स्थापना दिवस आगमी 1 सेप्टेम्बरको दिन मिरिकमा मनाईने जानकारी संगठनका अध्यक्ष अवकाशप्राप्त अनेरी कप्तान दिनेश कुमार राईले दिनुभएको छ। उहाँले 1 सेप्टेम्बर 1960 मा देहरादुनमा 1/11 गोर्खा राइफ्ल्सको स्थापना भएको जसको 66 औं स्थपना दिवस मिरिकमा भब्यरूपमा पालन गरिनेछ जहाँ बीरचक्र पुरस्कारले सम्मानित अवकाशप्राप्त अनेरी कप्तान ज्ञानेन्द्र राई पनि उपस्थिति हुने बताउनु भएको छ|

**रंगबूल गणेश पूजा**

रंगबूल फाटकस्थित सङ्कटमोचन विनायक गणेश मन्दिरमा यस वर्ष पनि परम्परागत रूपमा श्रीगणेश चतुर्थी पर्व श्रद्धा र भक्तिभावसहित शुरू भएको छ। पर्व गत २७ अगस्टदेखि आगामी ६ सेप्टेम्बर सम्म सञ्चालन हुनेछ। आज पूजाको चौथो दिनमा पनि भक्तजनको व्यापक उपस्थिति रहेको थियो। मन्दिर सञ्चालन समितिले सम्पूर्ण भक्तजनलाई यस पावन पर्वमा सहभागी भई पुण्य लाभ लिने जानकारी आशारिका फाउण्डेशनका सदस्य रूपेश क्षेत्रीले दिनु भएको छ।

**कृषि प्रविधि**

मिरिक महकुमा अन्तर्गत सौरेनी ग्राम पन्चायत एकका दुर्गा स्वनिर्भर दललाई कृषि विभाग मिरिकद्वरा कृषि प्रविधि व्यवस्थापन एजेन्सी मार्फत भेन्डिङ कार्ट टिङलिङ भ्यु पोइन्टको लागि प्रदान गरिएको छ। एउटा कार्यक्रम माझ ११ सदस्यीय कृषि तथा बजारीकरण स्थायी समितिका सदस्यहरूले मिरिकको भ्रमण गरेपछि मिरिक खण्डका प्रगतिशील किसानहरूसँग अन्तर्क्रिया गरेका थिए। यस क्रममा कृषि विभाग, मिरिकद्वरा दुर्गा स्वनिर्भर दललाई भेन्डिङ कार्ट हस्तान्तरण गरिएको थियो। मिरिक महकुमा शासकको पहल अनुसार यस भेन्डिङ कार्ट टिङलिङ भ्यु पोइन्टमा राखिनेछ ।जहाँ स्थानीय कृषकहरूले उत्पादन गरेको जैविक ताजा साग सब्जी बिक्रीमा राखिने मिरिक कृषि विभागका सहनिर्देशक विभूती बी रिजालले जानकारी दिनुभएको छ।

**मौसम**

राज्यमा मनसुनको प्रभाव यथावत छ। आगामी केही दिन सम्म राज्यका सम्पूर्ण क्षेत्रहरुमा वर्षाको प्रभाव देखिनेछ| उत्तर बंगालका माथिल्लो जिल्लाहरू दार्जीलिङ, कालेबुङ, अलिपुरद्वार तथा कुचबिहारमा भारी वर्षा हुने पूर्वानुमान गरिएको छ।

****** ० ******